L5000003

# NEPALI

---

*Maximum Marks: 80*
*Time Allotted: Three Hours*
*Reading Time: Additional Fifteen Minutes*

---

**Instructions to Candidates**

1. You are allowed an **additional fifteen minutes** for **only** reading the question paper.
2. You must **NOT** start writing during reading time.
3. This question paper has **11 printed pages and one blank page**.
4. It is divided into **two sections: Section A and Section B**.
5. It has **fifteen questions** in all.
6. **Section A** has **three questions.** All questions are compulsory.
7. While attempting **Multiple Choice Questions** in Section A, you are required to **write only ONE option as the answer**.
8. **Section B** has **twelve questions**. You are required to attempt **any four** questions in this section on **any three** out of the four prescribed textbooks.
9. The intended marks for questions are given in brackets [ ].

**Instruction to Supervising Examiner**

1. Kindly read **aloud** the Instructions given above to all the candidates present in the examination hall.

Downloaded From www.icseboard.org

## SECTION—A

## LANGUAGE - 40 MARKS

**Question 1** **[15]**

**Write a composition in approximately 400 words in Nepali on any one of the topics given below.**

**निम्नलिखित विषयहरूमध्ये कुनै एउटा विषय छानेर नेपालीमा अन्दाजी 400 शब्दहरूको लम्बाइमा रचना लेख्नुहोस् ।**

(i) 'बोली नै मानिसको परिचय हो। मधुर बोलीद्वारा नै सबैको मन जित्न सकिन्छ।' यस विचारलाई चरितार्थ पार्दै सुन्दर रचना तयार पार्नुहोस्।

(ii) 'समय शक्तिशाली हुन्छ यसलाई बुझेर जीवनमा अघि बढ्नु हाम्रो कर्तव्य हुनजान्छ।' समयलाई कसरी सदुपयोग गर्ने यसबारे चर्चा गर्दै निबन्ध लेख्नुहोस्।

(iii) आत्मनिर्भर बन्न के कस्ता कार्यहरू गर्न सकिन्छ, आफ्नो विचार व्यक्त गर्नुहोस्।

(iv) 'कुरीति र भ्रष्टचार निर्मूल पार्नु केवल सरकारको दायित्व हो।' यस भनाईको पक्ष वा विपक्षमा आफ्नो धारणा स्पष्ट पार्नुहोस्।

(v) 'शिक्षाको उद्देश्य रोजगार मात्र होइन तर सचेत, सभ्य, आदर्श, कर्तव्यपरायण र स्वावलम्बी बन्नु पनि हो।' – विवेचना गर्नुहोस्।

(vi) निम्नलिखित कुनै एक विषयमा मौलिक कथा लेख्नुहोस्।

(a) साँचो मित्र

(b) जीवन

**Question 2**

**Read the passage given below carefully and answer in Nepali the questions that follow, using your own words.**

**निम्नलिखित अवतरण ध्यानपूर्वक पढेर त्यसपछि दिइएका प्रश्नहरूका उत्तर जतिसक्दो आफ्नै शब्द प्रयोग गरेर लेख्नुहोस् ।**

मेरो घर मूल सड़कको छेउमा छ। उसमाथि पनि मेरो कोठा त सड़कतर्फ नै पर्छ। झ्याल उदाङ्गै खोलेर सड़कको चहलपहल हेर्नु मेरो आफ्नो दिनचर्याको एउटा मुख्य अङ्ग हुन आएको छ। म प्राय: यहाँबाट हेरिरहन्छु। यहाँका सधैं ओहरदोहर गर्नेहरू सबैलाई म चिन्छु - अड्डा जानेहरू, विद्यार्थीहरू तथा दूध, रोटी बेच्नेहरू सबैलाई। यसो भनें, मेरो बसिबियाँलोको नै यही झ्याल छ अर्थात् मलाई पटक्कै फुर्सद



Downloaded From www.icseboard.org

छैन। त्यसो भन्नाले यही झ्याल कुरेर मैले जीवन बिताएको होइन। एक समय यस्तो पनि थियो, जब यो झ्यालमा धर्ना दिनु त कुरै छोडिदिऊँ, चियाउन मात्रै पनि एउटा साँच्चैको पाप ठानिन्थ्यो, तर विस्तारै सात साल, बुबाको मृत्यु र आफ्नो शिक्षाको विकास इत्यादिले गर्दा समयको नै हेरफेर भयो। मेरो यस झ्यालसंग धेरै घनिष्ठता बढ्यो। झन् पढिसकेर बिहानीको स्कूलमा जागिर खान थालेदेखि त मलाई प्रतिबन्ध लगाउने कोही छैन।

यो झ्यालबाट एकनास हेरिरहनुमा मेरो नैतिकताको कुनै सम्बन्ध छैन। म काँतर स्वभावकी छु। म कसैसँग बोल्दिनँ, कसैसँग आँखा जुधाउँदिनँ। अहिलेसम्म कसैलाई मायाप्रीति जनाएकी छैन, यसो भनूँ यी सबप्रति मेरो रत्तीभर चाख नै छैन। म हृदयभरि आदर्शहरू बोकेर हिँड्छु, तर तीमध्ये कुनै पनि काम लाग्ने, लागू हुनसक्ने र प्रगतिशील खालका छैनन्। यस्तो छटपटिएको र नपाकेको आदर्श भएर होला, मेरो कुनै ठोस उद्देश्य पनि छैन। कसैप्रति मेरो रूचि छैन। कसैले म प्रति रूचि राखेको छैन। म एकतमासकी छु, अनौठी छु। एउटा फूल नफुल्ने अथवा एउटा ढुङ्गोभन्दा बढ्ता मेरो जीवनको कुनै महत्त्व छैन। सामाजिक कार्य, साहित्य, गफ तथा सिनेमा पनि केही रूचि नभएकोले यो झ्याल नै एउटा मनोरंजन र बिलासको साधन भएको छ। यही झ्यालबाट सड्क सधैं पढिरहन्छु र पढ्दै तुरून्त बिर्सिंदै गर्छु।

यो फागुनको शुरू हो। दिन उज्यालो छ, घाम मन्द छ, म भर्खर आएर झ्यालमा बसेकी छु। अड्डा जानेहरू गइसके। सडक सुनसान छ। स्कूल लागिसकेपछि आउने विद्यार्थीहरू फट्याकफुटुक गइराखेका छन्, मेरो घरदेखि अलिक मास्तिर एउटा स्कूल छ, जहाँ केटाहरू मात्र पढाइन्छन्। यत्तिकैमा म देख्छु-मेरो झ्यालको सोझै मुनितिर दुई जना ठिटाहरू। एक जना उभिएको छ र अर्को घोप्टेर साइकलको जञ्जिर हाल्न लागेको छ। उनीहरू लगभग बाह्र-तेह्र वर्षका हुँदा हुन्। घोप्टेर साइकलको जञ्जिर हाल्नेले टाउको उँभो उठाउँछ र मलाई झ्यालमा देख्छ। म एकटक उसलाई हेरिरहन्छु। ऊ लाज मान्दै गाला र कान रातो पार्दै त्यहाँबाट भाग्छ। आजको दिन एक विशेष दिन, आजको हेराइ एक विशेष हेराइ, आजको संयोग एक विशेष संयोग, जसलाई होस् निकैबेर आँखा जुधाएर मैले हेरेकी। मेरो आँखाबाट त्यो ठिटो भाग्छ, तर म उसलाई बिर्सन सक्तिनँ। कालो-कालो अनुहारमा दुई अति रहरलाग्दा आँखा, चञ्चल पुतली, घुम्रिएको कपाल, कञ्चट र धुच्चुकमा मुन्द्रा परेर झरेको कपाल, मन हर्ने मुस्कान र कोसिस गर्दा पनि भुल्न सक्तिनँ। मलाईभित्र कता-कता कुतकुती लाग्छ, रमाइलो लाग्छ, कुन्नि यो यस्तो अनुभवको प्रहार हो। बुझ्न खोज्छु, बुझ्न सक्तिनँ। त्यो झ्याल नौलो लाग्छ, रमाइलो लाग्छ अनि फेरि आफैलाई बिरामी अनुभव गर्छु।



Downloaded From www.icseboard.org

तर के कुरा, यस्तो चञ्चलता अघि मलाई कहिल्यै आएन। सम्झन अथवा बिर्सनलाई मसँग कुनै विषय नै थिएन। चिन्तन गर्नलाई कुनै दुःखै थिएन। एक किसिमले सुखी नै थिएँ, तर कुताकुती आज यो उमेरमा किन त त्यसैले आफ्नो एकनास जीवनभन्दा विपरीत यो भावना आइदिएकोले मैले भनिसकें-म विरामीको अनुभव गर्छु।

त्यस दिनदेखि यता सधैं म उसलाई देख्छु। अब कल्पना गर्नलाई मसँग एउटा छायाँ छ सोच्नलाई एउटा विषय। अब म आफूभित्र त्यति फिका छैन, मेरो छातीमा पनि तरल पदार्थ सलबलाउन थालिसकेको छ, म आफैभित्र पग्लिसकेकी छु। उ आउँछ, पेटीमा उभिएर मास्तिर झ्यालमा हेर्छ।

(i) झ्यालबाट के-के देखिन्छ ? एक सम्य उसको जीवन कस्तो थियो ? **[3]**

(ii) समयमा कसरी हेरफेर भएछ ? **[3]**

(iii) उसको जीवनको विगत र वर्तमानमा देखिएका कुराहरू लेख्नुहोस्। **[3]**

(iv) गद्यमा कुन महिनाको चर्चा छ ? **[1]**

(a) पूस

(b) माघ

(c) भदौ

(d) फागुन

(v) 'फटयाकफुटुक' शब्दको अर्थ के हो ? **[1]**

(a) धेरै

(b) सधैं

(c) एक दुईवटा

(d) कतै-कतै

(vi) ठिटाहरू के गर्दै थिए ? **[1]**

(a) खेल्दै थिए

(b) बात गर्दै थिए

(c) साइकल बनाइरहेका थिए

(d) उभिरहेका थिए

Downloaded From www.icseboard.org

(vii) संयोग शब्दको विपरीत शब्द कुन हो ? [1]

(a) योग

(b) सुयोग

(c) वियोग

(d) विनाश

(viii) उसको स्वभावमा कस्तो परिवर्तन आएको छ ? [1]

(a) चञ्चलता

(b) रमाइलो

(c) रहरलाग्दो

(d) गम्भिर

(ix) घनिष्ठता भन्नाले के बुझिन्छ ? [1]

(a) विकटता

(b) निकटता

(c) आफ्नोपन

(d) विरानोपन

**Question 3**

**Do as directed.**

निर्देशानुसार सही विकल्प छनौट गरेर उत्तर दिनुहोस्।

(i) 'निन्दा' – को विपरीत शब्द कुन हो ? [1]

(a) गुणगान

(b) गौण

(c) गुण

(d) स्तुति

Downloaded From www.icseboard.org

(ii) 'दुर्जन' – को पर्यायवाची शब्द कुन हो ? [1]

(a) दुष्ट

(b) निर्जन

(c) अर्जन

(d) सज्जन

(iii) 'काम गर्ने स्थान' – को सार शब्द कुन हो ? [1]

(a) कुरुक्षेत्र

(b) कामक्षेत्र

(c) कर्मक्षेत्र

(d) टक्साल

(iv) 'आधा मासु हुनु' वाग्धाराको अर्थ के हो ? [1]

(a) परिवर्तन हुनु

(b) पीर पर्नु

(c) पोल हाल्नु

(d) असह्य हुनु

(v) 'आए बाबुको ..........' यो उखान कुन शब्दले पूरा हुन्छ ? [1]

(a) गए बाजेको

(b) गए काकाको

(c) गए साहुको

(d) गए जगतको

(vi) 'जान्छ' – को स्त्रीलिङ्ग शब्द कुन हो ? [1]

(a) जान्छ

(b) जान्छु

(c) जान्छे

(d) जान्छिन्



Downloaded From www.icseboard.org

(vii) 'बालकहरू खेल्दैछन्' – यो वाक्य कुन कालमा छ ? [1]

(a) वर्तमानकाल

(b) भविष्यतकाल

(c) भूतकाल

(d) पूर्ण भविष्यत्

(viii) शुद्ध हिज्जेमा 'पुरूष' को स्त्रीलिङ्ग शब्द कुन हो ? [1]

(a) स्त्रि

(b) स्त्री

(c) इस्त्री

(d) ईस्त्री

(ix) 'खरायो' – को बच्चालाई के भनिन्छ ? [1]

(a) पाठो-पाठी

(b) उल्लू

(c) ड्याउरो

(d) टिउरो

(x) 'किरति' – को शुद्ध हिज्जे कुन हो ? [1]

(a) किर्ति

(b) किर्ती

(c) कीर्ती

(d) कीर्ति



Downloaded From www.icseboard.org

## SECTION—B

## LITERATURE - 40 MARKS

Answer *four* questions from this section on ***any three*** out of the four prescribed textbook.

पाठ्यक्रमभित्रका निर्धारित चार पुस्तकमध्ये **कुनै** तीनवटा पुस्तकबाट **चारवटा** प्रश्नहरूका उत्तर लेख्नुहोस्।

## गद्य कुञ्ज (GADYA KUNJ)

### Question 4

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

"गाउँलेको हलो नजोते साँझ सबेर खान पुग्दैन, माइतीको धाक लगाउँछे" भनेर एक लात फेरि कस्यो। गौंथली कंकला शब्द गरेर रून लागि गाउँका सारा केटाकेटीहरू तमासा हेर्न कान्लामाथि आएका थिए "मोरा हो, यहाँ के को रमिता छ र हेर्न आएका" भनेर चामेले लौरो लिएर लघाऱ्यो। केटाकेटीहरू हाँस्दै मास्तिर भागे। गौंथली रूँदै थिई, चामे पिँढीमा गुन्द्री ओछ्याएर सुत्यो।

(i) यो कथांश कहाँबाट निकालिएको हो ? यसका लेखक को हुन् ? [1]

(ii) यहाँ कसले-किन माइतीको धाक लगाएको हो ? [2]

(iii) 'कंकला' भन्नाले के बुझिन्छ ? को किन 'कंकला' शब्द गरेर रोएको हो ? [2]

(iv) चामेले लौरो लिएर कसलाई किन लघाऱ्यो ? त्यसपछिको चामेको घरको परिस्थिति वर्णन गर्नुहोस्। [5]

### Question 5 [10]

तेस्रो घर' शीर्षक कथामा कसका निम्ति किन तेस्रो घर बनाउनुपऱ्यो ? पठित पाठको आधारमा विवेचना गर्नुहोस्।

### Question 6 [10]

'लाहुरी भैंसी' शीर्षक कथाले कुन वर्गका मानिसहरूको कस्तो अवस्थालाई दर्शाएको छ ? सविस्तार चर्चा गर्नुहोस्।



Downloaded From www.icseboard.org

## कविता कुञ्ज (KAVITA KUNJ)

**Question 7**

निम्न अवतरित पद्यांश पढ्नुहोस् अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

> 'हो, त्यससित थुप्रो छैन,
> तिमीले जम्मा पारेका छौ,
> त्यसमा त्यल्ले हात हाल्ला, डर त्यै न ?
> उसलाई लोभी नबनाऊ
> तिनी नडराऊ।
> घर सल्कल्ला भन्ने डर भए
> आगो फाल जाऊ।
> आऊ पानी पिऊँ।'

(i) प्रस्तुत पद्यांश कसले लेखेका कुन कवितामा पाइन्छ ? [1]

(ii) त्यससित थुप्रो छैन भनेर कविले कोसित के थुप्रो छैन भनेका हुन् ? [2]

(iii) यहाँ 'त्यल्ले' – भन्नाले के बुझिन्छ ? कसलाई हात हाल्ला भन्ने डर हुँदोरहेछ ? [2]

(iv) यहाँ कविले आगोलाई केसित तुलना गरेका छन् ? कविको विचारमा के कारण मानिसहरूमा लोभ उत्पन्न हुँदोरहेछ ? [5]

**Question 8** [10]

> 'हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले
> धिक्कार्ला
> गोली निलेका शहीदका प्यारा ती लाजले धिक्कार्ला
> धरतीले मुख लाजले छोप्ला आकाशले धिक्कार्ला
> शहीद रोलान् हामीले उन्नति गरेर नगए।'

कविले यस कवितामा कसले-कस्तो कर्तव्य गर्नुपर्ने, के को निम्ति भन्ने कुरा गरेका छन् ? व्याख्या गर्नुहोस्।



Downloaded From www.icseboard.org

**Question 9** **[10]**

'आकाशका तारा के तारा!' कवितामा कविले आकाशमा देखिने नौ लाख ताराहरूसित कसको तुलना गर्दै कविताद्वारा के सन्देश दिएका छन् ? वर्णन गर्नुहोस्।

## जुनेली रेखा (JUNELI REKHA)

**Question 10**

'तिमीले जित्यौ, मैले हार मान्नै पर्‍यो।'

(i) यहाँ वक्ता को हुन् ? **[1]**

(ii) वक्ता यस समय कहाँ छन् ? उनी कोसित वार्ता गरिरहेका छन् ? **[2]**

(iii) उनले के हार मानेर के स्वीकार गरेको हो ? **[2]**

(iv) उक्त प्रसंगको छोटो चर्चा गर्नुहोस्। **[5]**

**Question 11** **[10]**

'मालिनीले एकटक लाएर त्यो रमिता हेरिरहेकी थिई। उसलाई दैवले आँखा उघारिदिए जस्तो लाग्यो। कमानबाट फुत्केर त्यस यमराजको नराम्रो दृष्टिबाट सधैंका निम्ति त्यही पुतली झैं आफ्नो रच्छे गर्ने उसले दृढसङ्कल्प गरी।'

यहाँ मालिनीलाई कस्तो समस्या परेको रहेछ ? कुन कुरा देखेर उसलाई चेतना आएको जस्तो लाग्यो ? घटनाको चर्चा गर्नुहोस्।

**Question 12** **[10]**

"हेर नानी, फिकर नगर, तिमी जस्तो जवान मान्छेलाई दु:ख हुँदैन, भगवानले बास, गाँस सब थोक जुराइदिन्छन्। हिकमत नहार।"

यहाँ कस-कसको माझ वार्ता भएको हो ? त्यस जवान मान्छेको जीवनमा आएको नयाँ मोड के कस्ता थिए ? वर्णन गर्नुहोस्।



Downloaded From www.icseboard.org

## अनि देवराली रून्छ (ANI DEORALI RUNCHA)

**Question 13**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

चतुरमान – "थाहा छ तुँलाई कि अम्बरे चाइने मेरो को पर्छ। आफ्नी छोरी जुनासंग मेरो भतिज अम्बरेको बिहा गरिदिएर चाइने मेरो सम्पत्ति हड्प गरूँला भन्दोहोस् हँ!"

(i) चतुरमान र अम्बरेको सम्बन्ध के रहेछ ? **[1]**

(ii) चतुरमानले कसलाई के को आरोप लगायो ? **[2]**

(iii) जुना को हो ? अम्बरेसित उसको कस्तो सम्बन्ध रहेछ ? **[2]**

(iv) चतुरमानले जुना र अम्बरेको विवाह हुन नदिनुको कारण के हो ? वर्णन गर्नुहोस्। **[5]**

**Question 14** **[10]**

'यो सब के थिए अनि के भए बुवा, अब हामीले कहाँ जाने ?'

यहाँ वक्ता को हुन् ? उनीहरू यसरी आफू बसेको ठाँउ छोड़ेर किन र कहाँ जान लागेका छन् ? चर्चा गर्नुहोस् ?

**Question 15** **[10]**

'अनि देवराली रून्छ' – नाटकमा गरीब - सोझाहरूमाथि कसले कस्तो अत्याचार गरेका छन् ? अन्तमा ती गरीबहरूले कस्तो अवस्थाको सामना गर्नुपरेको छ ? सविस्तार वर्णन गर्नुहोस्।

Downloaded From www.icseboard.org